साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

# कार्यपालिका निर्णयहरु सार्वजनिकरण

**आ.व.**२०७९/८० **बैठक मिति:** २०८०/०३/३०
**बैठक नं.** १५ **समय:** मध्यान्ह १२ बजे

प्रस्तावहरु:

१. रिपोर्टिङ
२. आयोजना अ.ल्या.सम्बन्धमा ।
३. आन्तरीक आय ढुंगा, गिट्टी, बालुवाको टेण्डर आव्हान गर्ने सम्बन्धमा ।
४. श्रावण र भाद्र महिनामा नदीजन्य पदार्थको उत्खनन तथा संकलन कार्यमा रोक लगाउने सम्बन्धमा ।
५. आ.व. २०७९/८० मा अधुरो रहेका सङ्घीय तथा प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजनाको रकम माग गर्ने सम्बन्धमा ।
६. करार कर्मचारी म्याद थप सम्बन्धमा ।
७. विज्ञापन गर्ने सम्बन्धमा ।
८. प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।
९. इन्धन खर्च नियन्त्रण सम्बन्धमा ।
१०. बगैंचे /माली कर्मचारी सम्बन्धमा ।
११. नगरपालिका केन्टिन सञ्चालन सम्बन्धमा ।
१२. आर्थिक सहयोग सम्बन्धमा ।
१३. सडक बत्ती माग गर्ने सम्बन्धमा ।
१४. पुत्रु भेरासैन विद्युतीकरण सम्बन्धमा ।
१५. चिस्यान केन्द्र सञ्चालन सम्बन्धमा ।
१६. विविध ।

निर्णयहरु:

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुको पछिल्लो अवस्थाका बारे तथा समसामयिक विषयवस्तुमा केन्दित रही सम्बन्धित वडाका वडा अध्यक्षबाट रिपोर्टिङ कार्य भई साँफेबगर नगरपालिकाको पछिल्लो अवस्थाका बारेमा कार्यपालिका बैठकका अध्यक्ष एवम नगर प्रमुखज्यूबाट समसामयिक विषयमा आधारित भई संक्षिप्तरुपमा प्रतिवेदन प्रस्तुत गर्दै कार्य सञ्चालनमा आइपरेका समस्या तथा ती समस्याको समाधानका लागि गरिएका प्रयासहरुको बारेमा नगर प्रमुखज्युबाट जानकारी गराउँदै रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत आ.व. २०७९/०८० मा बजेट अभावका कारण भुक्तानी दिन नसकिएका विकास निर्माण आयोजनाहरुको आ.व. २०८०/०८१ मा भुक्तानी दिने प्रयोजनार्थ उक्त आयोजनाहरु अ.ल्या. गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको आन्तरीक आय अन्तर्गत आ.व. २०८०/०८१ मा (श्रावण र भाद्र महिना बाहेक) यस नगरपालिका क्षेत्रका नदीनाला तथा खोला खोल्साबाट नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने प्रयोजनार्थ रकम रु. ६० लाख (भ्याट सहित) मा ३० दिने सार्वजनिक सूचना जारी गरी टेण्डर आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रभित्रका नदीनालाहरुबाट उत्खनन तथा निकासी हुने नदीजन्य पदार्थको उत्खनन कार्य प्राविधिक तथा वातावरणीय दृष्टिकोणले श्रावण र भाद्र महिनामा गर्न उपयुक्त नहुने भएकोले उक्त अवधिमा कोही कसैले सो कार्य गरे/गराएको पाईएमा तपसिल बमोजिम जरिवाना गरिने र सो कार्यमा आवश्यक सहयोग समन्वयको लागि इलाका प्रहरी कार्यालय साँफेबगरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

टेक्टर प्रति ट्राली — रु. ३,०००/-
टिप्पर प्रति ट्राली — रु. ७,०००/-

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा संघ तथा प्रदेश सरकारबाट आ.व. २०७९/०८० मा समपूरक तथा बिशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरुको निर्माण कार्य पुरा हुन नसकेकोले उक्त आयोजनाहरुको बाँकी निर्माण कार्य आ.व. २०८०/०८१ मा सञ्चालन गर्नु पर्ने भएकोले सो आयोजनाहरुमा विनियोजित रकम मध्ये भुक्तानी हुन बाँकी रकम संघीय तथा प्रदेश सरकारमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| संघीय सरकार | | | | | | सुदूरपश्चिम प्रदेश सरकार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| समपूरक अनुदान | | | बिशेष अनुदान | | | समपूरक अनुदान | | | बिशेष अनुदान | | |
| योजनाको नाम | विनियोजित रकम | माग रकम | योजनाको नाम | विनियोजित रकम | माग रकम | योजनाको नाम | विनियोजित रकम | माग रकम | योजनाको नाम | विनियोजित रकम | माग रकम |
| वडा कार्यालय भवन निर्माण ३ नं. वडा सिद्धेश्वर | ८०,०००००/- | ३२,४३,०००/- | राष्ट्रिय मा.वि. भवन निर्माण योजना १३ नं. वडा बाब्ला | १,४०,०००००/- | ६३,२९,०००/- | सूर्यचन्द्र मा.वि. अधुरो छात्रबास निर्माण १ नं. वडा बैजनाथ | ४८,०००००/- | २०,१९,०००/- | दोगाडे खानेपानी निर्माण १० नं. वडा घुघुरकोट | २५,०००००/- | ५०,०००/- |

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गत विभिन्न पदहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०८० साल असार मसान्तमा समाप्त हुने भएकोले निजहरुको कार्यसम्पादनका आधारमा साविककै सेवा, शर्त र सुविधा अनुसार करार म्याद २०८० साल श्रावण १ गते देखि लागू हुने गरी २०८० साल पौष मसान्त सम्म (६ महिना) थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत ८ नं. वडा कार्यालय चण्डिका र ९ नं. वडा कार्यालय बुढाकोटमा रिक्त श्रेणीविहीन कार्यालय सहयोगी २ जना र १४ नं. वडा कार्यालय पातलकोटमा रिक्त सामाजिक सहजकर्ता १ जनाको पदपूर्तीको साथै साँफेबगर नगरपालिकाको आन्तरिक सुरक्षा व्यवस्था मजबुत बनाउने प्रयोजनार्थ यस नगरपालिकामा रिक्त नगर प्रहरीको पदपूर्ती गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत वडा नं. ४ छिपेखोला मोरा स्थित बुढीगंगा नदी किनारमा निर्मित शवदाह गृह सँगै साँफेबगर विमानस्थल पनि जोडिएका कारणउक्त शवदाह गृह सञ्चालनमा आउन नसक्ने अवस्था रहेकोले शवदाह गृहको सट्टा उक्त ठाउँमा प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत आ.व. २०७९/८० मा इन्धन वापत खर्चको दर बढ्न गएको र सोको नियन्त्रण गर्न आवश्यक भएकोले इन्धन आपूर्ती गरिरहेको इन्द्रशरा आयल स्टोर्स साँफेबगरलाई विना कुपन इन्धन उपलब्ध नगराउने र इन्धन वापत भएको खर्चको विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्न इन्द्रशरा आयल स्टोर्स साँफेबगरलाई लेखी पठाउने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका ५ नं. वडा कार्यालय नवाठानाको बगैंचे/माली पदमा आ.व. २०७९/०८० मा सोही वडा कार्यालयले त.भ. व्यहोर्ने गरी साँफेबगर नगरपालिका वडा नं. ५ निवासी कला देवी ओडलाई नियुक्त गरेकोमा आ.व. २०८०/०८१ देखि वडा कार्यालयले उपलब्ध गराएको साविककै सेवा शर्त तथा सुविधा बमोजिम नै नगर कार्यपालिकाको कार्यालयले त.भ. व्यहोर्ने गरी करार सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा चिया, खाजा तथा खानाको आपूर्ती गर्ने प्रयोजनार्थ साँफेबगरमा सञ्चालनमा रहेका व्यवसायीहरुबाट केन्टिन सञ्चालनको लागि कोटेसन माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२


प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १२ खप्तड निवासी भूपेन कडायत फुटबल खेलको लागि A Division Ligue प्रतियोगिता Under 16 अन्तर्गत छनौटमा पर्न सफल भएकोले उक्त प्रतियोगितामा सहभागिताको लागि निज भूपेन कडायतलाई रकम रु. १५०,०००/- एक लाख पचास हजार आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०७९ साल कार्तिक २२ गते गएको भुकम्प तथा त्यसपछि विभिन्न समयमा गएका पाराकम्पनहरुले गर्दा घर भत्कीएका तथा खतराको जोखिममा रहेका घरधुरीहरुलाई तत्काल राहत स्वरुप नेपाल रेडक्रस सोसाइटी अछामले त्रिपाल तथा अन्य राहत सामग्री वितरण गरेको र उक्त त्रिपालहरुको यकिन तथ्यांक नगरपालिकामा नभएकोले यथाशिघ्र त्रिपालहरुको तथ्यांक यस नगरपालिकामा पेश गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत वडा नं. ३ साँफे हाटबजार र वडा नं. ४ एयरपोर्ट बजारमा आवश्यकता अनुसार सडक बत्ती नहुँदा रातीको समयमा विभिन्न समस्याहरु भइरहेकोले उक्त बजारहरुमा सडक बत्ती जडानको लागि संघीय सरकार अन्तर्गत सहरी विकास मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १२ खप्तड अन्तर्गत पुत्रु भेरासैन टोल नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइनमा जोडिनबाट वञ्चित भएकोले उक्त टोललाई राष्ट्रिय प्रशारण लानइनमा जोड्नको लागि संघीय सरकार अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्रका किसानहरुले उत्पादन गरेका कृषिजन्य उपजहरुको भण्डारण गर्ने प्रयोजनार्थ यस साँफेबगर नगरपालिका वडा नं. ०४ मष्टामाण्डौं अन्तर्गत जनकल्याण टोलमा अवस्थित चिस्यान केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने विद्युतीय ट्रान्सफार्मर जडानको लागि संघीय सरकार अन्तर्गत उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।